# बाँसगढी नगरपालिकाको स्थानीय राजपत्र

खण्ड: ९ अंक १ राजपत्रमा प्रकाशन मिति :- २०८२।०७।२८

भाग - ०२

बाँसगढी नगरपालिका

# बाँसगढी नगरपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड-२०८२

**कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०७/१७**
**प्रमाणिकरण मिति:२०८२/०७/२२**

**प्रस्तावना:**

नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने उद्यमशील यूवा,महिला,दलित,जनजाती तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सीप विकास, क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक क्षेत्रका उद्यम एंव व्यापार व्यवसाय सँग सम्वन्धित कार्यक्रम मार्फत उत्पादन र रोजगारी सृजना गर्न तथा टेवा पूंजी उपलब्ध गराई कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न बान्छनीय भएकोले बाँसगढी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो बाँसगढी नगरपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड-२०८२ बनाई लागु गरेको छ।

## भाग-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नामः बाँसगढी नगरपालिका उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड,२०८२ रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले "बाँसगढी नगरपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड,२०८२" भन्ने बुझ्नु पर्दछ।

ख. "लक्षित बर्ग" भन्नाले उद्यम गर्न चाहने व्यक्ति वा समूह भन्ने बुझ्नु पर्दछ।

ग. "परियोजना जमानी" भन्नाले यस कार्यविधि बमोजिम ऋण प्रवाह गर्न जुन परियोजनामा लगानी गरिएको हो सोही परियोजनाको जमानी हो भन्ने बुझ्नु पर्दछ।

घ. "कार्यक्रम" भन्नाले बाँसगढी नगरपालिकाको उद्यमशीलता विकास कार्यक्रम बुझ्नु पर्दछ।

ङ. "सामुहिक जमानी" भन्नाले समूहको सामुहिक उत्तरदायित्वमा प्रवाह गरेको अनुदानको उपयोगका लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी भन्ने बुझ्नु पर्दछ।

च. "फोकल पर्सन" भन्नाले कार्यक्रम संचालनका लागि तोकिएको अधिकृत भन्ने बुझ्नु पर्दछ।

छ. "समूह" भन्नाले ५ वा ५ भन्दा बढी व्यक्तिहरुको समूह बुझिनेछ।

ज. "कोष" भन्नाले उद्यमशीलता प्रवर्द्धन, विकास र विस्तार गर्न बाँसगढी नगरपालिकाद्धारा स्थापना गरिएको उद्यमशीलता विकास कोष बुझ्नु पर्दछ।

झ. "वित्तीय टेवा" भन्नाले कार्यक्रम संचालनको लागि उद्यमीलाई नगरपालिकावाट प्राप्त हुने वित्तीय सहयोग बुझ्नु पर्दछ।

ञ. "उद्यमी" भन्नाले नाफा कमाउने उदेश्यले उद्योग व्यवसाय संचालनका लागी जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह बुझ्नु पर्दछ।

ट. "उद्यमशीलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा संचालनका लागि आवश्यक उत्प्रेरणा (Motivation) तथा व्यवसायिक सीप विकास तथा सो संग सम्वन्धित उच्च स्तरको ज्ञान प्रदान गर्ने तालिम बुझ्नु पर्दछ।

ठ. "लघु उद्यम" भन्नाले घर जग्गा बाहेक बढीमा २० लाख रुपैयासम्म स्थीर पुंजी लगानी हुने, बार्षिक एक करोड रुपैया भन्दा कम कारोवार व्यवस्थापनमा संलग्न रहेको र इन्जिन शक्ति २० किलो वाट भन्दा कम रहने व्यवसाय बुझ्नु पर्दछ।

ड. "स्तरोन्नति" भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ, बितरण, व्यापार, पुंजी, मुनाफा जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तन बुझ्नु पर्दछ।

ढ. "नगरपालिका" भन्नाले बाँसगढी नगरपालिका बुझ्नु पर्दछ।

ण. "नगर कार्यपालिका" भन्नाले बाँसगढी नगर कार्यपालिका भन्ने बुझ्नु पर्दछ।

त. "समिति" भन्नाले निर्देशक समिति बुझ्नु पर्दछ।

थ. "बिषयगत समिति" भन्नाले निर्देशक समितिको कार्यादेशमा काम गर्ने क्षेत्रगत/बिषयगत समिति बुझ्नु पर्दछ।

द. "स्थानीयबासी" भन्नाले यस नगरपालिका भित्र बसोबास गर्ने र मतदाता परिचय पत्र भएको बुझ्नु पर्दछ।

ध. "Challenge fund/Start up fund" भन्नाले कुनै नयाँ प्रकारका उद्यमलाई प्रोत्साहित गर्न दिइने Fund बुझ्नु पर्दछ।

**३. लक्ष्यः-** व्यवसायिक ज्ञान, शिप विकास र क्षमता अभिबृद्धिका माध्यमबाट उद्यमशीलताको विकास एंव रोजगारी सृजना गरी समृद्ध बाँसगढी नगरपालिका कायम गर्ने यस कार्यक्रमको लक्ष्य हुनेछ।

**४. उदेश्यः-** यस कार्यक्रमका उदेश्य देहाय बमोजिम हुनेछन्।

क. तरकारी/फलफूल, पशुपंछी, विउ विजन उत्पादन, मत्स्य क्षेत्रको आयात प्रतिस्थापन हुने गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आकर्षण बढाउने,

ख. वन तथा वातावरण, फौहरमैला व्यवस्थापन र पर्यटन क्षेत्रको प्रवर्द्धन गरी रोजगारी सृजना गर्ने,

ग. यूवा,महिला,दलित,जनजाती तथा फरक क्षमता भएका समूह वा व्यक्तिलाई उद्यमशील वा स्वरोजगार हुन प्रेरित गर्ने,

घ. रोजगारीमूलक रुग्ण लघु, घरेलु उद्योगलाई पुनरोत्थान गर्न टेवा प्रदान गर्ने ,

ङ. उद्यमशिल , स्वरोजगार वा रोजगार हुन चाहने व्यक्ति वा समूहलाई आवश्यक अभिमुखिकरण, सिप विकाश, तालिम, पुंजी वा बस्तुगत तथा प्राविधिक टेवा प्रदान गर्ने,

च. बस्तु वा सेवा उत्पादन, वितरण प्रवर्द्धन जस्ता आर्थिक गतिविधी बढाई आर्थिक आय र रोजगारी बृद्धि हुने कार्य गर्ने।

## भाग-२
## संस्थागत व्यवस्था

**५. कार्यक्रम निर्देशक समिति-**

(१) यो कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन।

क. संयोजकः-नगर-प्रमुख

ख. सदस्यः-नगर उप-प्रमुख

ग. सदस्यः- प्रमुख प्रशासकीय अधिकृत

घ. सदस्यः- आर्थिक विकास समितिको संयोजक

ङ. सदस्यः- नगरकार्यपालिकाको समाबेशीको प्रतिनिधित्वको आधारमा कार्यपालिका सदस्यवाट ३ जना

च. सदस्यः- संयोजकले तोकेको वित्तीय संस्थाका प्रतिनिधि-१ जना

छ. सदस्यः- उद्यमशिलताको क्षेत्रमा काम गरेको संयोजकले तोकेको विज्ञ व्यक्ति-१ जना

ज. सदस्यः-उद्योग वाणिज्य संघको अध्यक्ष

झ. सदस्य सचिवः- पालिकामा रहेको उद्यम विकास इकाई प्रमुख

(३) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

**६. काम कर्तव्य र अधिकारः-** (१) कार्यक्रम निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. कार्यक्रमको अधिकतम र प्रभावकारी उपयोग गर्नका लागि सम्वद्ध निकायहरु वित्तीय संस्था, उद्यमी, गैर सरकारी संस्था सम्भाव्य उद्यमी बिच आवश्यक समन्वय, संचालन र व्यवस्थापन गर्ने।

ख. उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्न तर्फ आकर्षित गर्न आवश्यकता अनुसार प्रचार प्रसार गर्ने।

ग. कार्यक्रमबाट उपलव्ध गराइने रकमको सीमा बढाउने वा घटाउने।

घ. कार्यक्रमबाट संचालन हुने कार्यक्रम र बजेटको सिमा र संख्या तोक्ने।

ङ. कार्यक्रमबाट संचालन हुने कार्यक्रमको लागि प्रशासनिक खर्च तोक्ने ।

च. वित्तीय टेवा रकमको सीमा तोक्ने।

छ. विषयगत समिति गठन गरी सो विषयका क्षेत्रगत उद्यमको लागि आवश्यक निति बनाउन लगाउने।

ज. नगरपालिकाको कार्यक्रममा सहभागी भएका उद्यमी वा उद्यमीहरुको समूहको उद्यमको निरिक्षण गरी आवश्यकता अनुसार उद्यमीहरुलाई सल्लाह दिने।

२. निर्देशक समितिले बिषयगत समितिवाट निर्णय भए बमोजिम हुने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**७. बिषयगत समितिः-** (१) निर्देशक समितिले आफ्नो कार्य सम्पादन गर्नको लागी विषयगत समिति गठन गर्न सक्नेछ। विषयगत समितिले निर्देशक समिति समक्ष राय वा प्रतिवेदन दिनु पर्नेछ।

(२) निर्देशक समितिको सदस्यको संयोजकत्वमा बढीमा ५ सदस्यीय बिषयगत समिति रहनेछ। बिषयविज्ञ १ जना र सम्वन्धित शाखाको कर्मचारी अनिवार्य हुनुपर्नेछ।

**८. मुल्यांकन समिति-** (१) नगरकार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएका प्रस्तावहरुको मुल्यांकन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न तपसिल बमोजिमको एक समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -संयोजक

ख. शहरी विकास तथा पूर्वाधार शाखाको प्रमुख- सदस्य

ग. आर्थिक प्रशासन शाखाको प्रमुख- सदस्य

घ.सम्वन्धित शाखाप्रमुख- सदस्य

ङ. उद्यम विकास इकाई प्रमुख- सदस्य सचिव

## भाग-३
## कार्यक्रम संचालन विधि

**९. यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको विधिमा कार्यक्रम संचालन गरिनेछ।**

क. नगरपालिकाले वित्तीय/बस्तुगत प्रविधि टेवा प्रदान गरेर गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा नगरपालिकाले वित्तीय/बस्तुगत/प्रविधि हस्तान्तरण गर्नेछ।

ख. वित्तीय संस्थाहरुको मध्यस्थता रहेर गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा वित्तीय संस्थाहरुबाट ऋण लगानी भएका वा हुने व्यवसायहरुमा नगरपालिकाबाट गरिने वित्तीय टेवा वा उद्यम प्रबर्द्धनको लागि प्रदान गरिने व्याजको भुक्तानी वा बिमा रकम भुक्तानी प्रदान गरिने कार्यक्रमहरु पर्नेछन्। यस प्रकारको कार्यक्रममा उद्यमी, बैंक र नगरपालिका बिच त्रिपक्षीय सम्झौता गरी सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यक्रम संचालन गरिनेछ।

ग. गैर सरकारी क्षेत्र/ व्यवसायीक क्षेत्र/समुह/सहकारी/व्यक्ती संगको साझेदारीमा गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा गैर सरकारी संस्थाहरुसंग नगरपालिकाले छनौट गरी सम्झौता मार्फत व्यवसायको कुनै चरणमा नगरपालिकाले लगानी गरी संचालन गरिने लक्षित बर्गका कार्यक्रमहरु पर्नेछन् । (लोकसेवा /शिक्षक सेवा तयारी कक्षा ,सिप विकास, क्षमता विकास ,उत्प्रेरणा कक्षा ,सचेतनामुलक कार्यक्रम , विभिन्न अभिमुखीकरण कार्यक्रम तथा पुनर्ताजगी तालिम)

घ. विभिन्न व्यापारिक प्रतिष्ठान र लव्ध प्रतिष्ठित व्यक्तिहरुले प्रायोजन गरेर गरिने कार्यक्रम ।

## भाग-४
## कार्यक्रमका चरणहरु

**१०. नगरपालिकाबाट संचालन हुने कार्यक्रमका चरणहरु निम्नानुसार हुनेछन् ।**

क. तालिमः- तालिम उदेश्यमुलक हुनुपर्नेछ । पालिकाको खर्चमा तालिम संचालन हुँदा तालिम पश्चात कार्यक्रमको संचालनका अरु व्यवस्थाहरु पनि हेरिनेछ ।

ख. उद्यम/कार्यक्रमको सुरुवात वा स्तरोन्नतीः यस प्रकारको चरणमा उद्यम/कार्यक्रमको सुरुवात वा स्तरोन्नतीको लागि वित्तीय टेवा प्रदान गरिनेछ । यस प्रकारको कार्यक्रम वित्तीय संस्थाको मध्यस्ता रहेमा पनि गर्न सकिनेछ ।

ग. उद्यम/कार्यक्रमको विकास वा संरक्षणः- यस प्रकारको चरणमा उद्यम/कार्यक्रम को लागि बैंक व्याज वा बीमाको रकम वा दुबै नगरपालिकाबाट व्यहोर्न सकिनेछ । यस प्रकारको लागत व्यहोर्नको लागि उद्यमशील समुह वा व्यक्ति,वित्तीय संस्था र नगरपालिका बिच समझदारी पत्रमा हस्ताक्षर हुन जरुरी हुनेछ ।

घ. उद्यम/कार्यक्रमको बजारीकरणः- उद्यम/कार्यक्रम बाट उत्पादन (बस्तु वा सेवा) हरुको ग्राहकसम्म पुऱ्याउन गरिने प्रक्रिया, कार्य वा सेवाहरुमा गरिने लगानी सम्वन्धी कार्यहरु उद्यमको बजारिकरण भित्र पर्दछन् ।

## भाग-५
## कार्यक्रम सञ्चालन प्रक्रिया

**११. उत्प्रेरित कक्षा संचालन गर्नेः-** उद्यम वा कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिलाई जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गरी उद्यमशीलता विकासमा उत्प्रेरित गर्ने सम्वन्धी तालिम, प्रशिक्षण कार्यक्रम गरिनेछ ।

**१२.** नगरपालिकावाट लगानी गर्ने उद्यमशीलता विकासका लागि सार्वजनिक सूचना जारी गरी सोचपत्र आह्वान गर्न सकिनेछ । यसरी प्राप्त हुन आएका कार्यक्रम उपयुक्त देखिएमा कार्यक्रम निर्देशक समितिले कार्यक्रममा समावेश गर्न सक्नेछ ।

**१३.** नगरपालिकावाट संचालन हुने उद्यमशीलता, योजना तथा कार्यक्रमहरुमा लगानी गर्न चाहने व्यक्तिहरुलाई लक्षित गरी लगानीकर्ता भेला आयोजना गर्न सकिनेछ ।

**१४.** विभिन्न लक्षित वर्गमा काम गर्ने गैर सरकारी संस्थाहरुले लक्षित वर्गको समूह गठन गरी नगरपालिकासँग साझेदारी गर्न चाहेमा नगरपालिकासँगको सम्झौता बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

**१५.** नगरपालिकावाट संचालन हुने कार्यक्रमको निर्धारण पश्चात तालिम, उद्यमको लागि शुरु पुँजी, स्तरोन्नती पुँजी, उद्यमको संरक्षण, वजारीकरण मध्ये कुन क्षेत्रमा नगरपालिकाले कार्यक्रम संचालन गर्ने हो सो खुलाई कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्नेछ । सूचनाको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

**१६**.सार्वजनिक सूचनावाट प्राप्त प्रस्तावहरुलाई निर्धारित मापदण्ड अनुसार मुल्यांकन समितिले मुल्यांकन गर्नेछ ।

**१७.** मुल्यांकन समितिले सिफारिस गरेका प्रस्ताव बजेट सीमा भित्र रहेर स्वीकृत गरिनेछ ।

## भाग-६

## कार्यक्रमका क्षेत्र

**१८. कार्यक्रमका क्षेत्रः-** (१) नगरपालिकाले संचलन गर्ने युवा लक्षित उद्यमशील कार्यक्रमका लागि योग्य क्षेत्रहरु देहाय बमोजिमको हुनेछन।

क. कृषि व्यवसायका क्षेत्रहरु अनुसूची २ (क) मा उल्लेख भए बमोजिम हुनेछ।

ख. उद्योग व्यवसायका क्षेत्र अनुसूची २ (ख) मा उल्लेख भए बमोजिम हुनेछ।

ग. पर्यटन प्रवर्द्धनका क्षेत्र अनुसूची २ (ग) मा उल्लेख भए बमोजिम हुनेछ।

घ. व्यापार व्यवसायका क्षेत्र अनुसूची २ (घ) मा उल्लेख भए बमोजिम हुनेछ।

ङ. वन तथा वातावरण र फोहरमैला व्यवस्थापन क्षेत्र अनुसूची २ (ङ) मा उल्लेख भए बमोजिम हुनेछ।

च. युवा, महिला, असहाय, विपन्न,जनजाती,दलित, पिछडिएका तथा अन्य लक्षित वर्ग विकासको क्षेत्र अनुसूची २ (च) मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको अनुसूची आवश्यकतानुसार कार्यक्रम निर्देशक समितिको सिफारिसमा नगरकार्यपालिकाले हेरफेर गर्न सक्नेछ

**१९. कोष स्थापनाः-** (१) उद्यमशीलता विकासको लागि व्याज तथा वित्तीय टेवा उपलब्ध गराउन एक छुट्टै उद्यम विकास कोष स्थापना गर्न सकिनेछ।

(२) कोषमा देहाय बमोजिमको रकम हुनेछन्।

क. नेपाल सरकार वाट प्राप्त रकम,

ख. प्रदेश सरकारवाट प्राप्त रकम,

ग. नगरपालिकावाट विनियोजित रकम,

घ. कुनै स्वदेशी व्यक्ति,सरकारी वा गैर सरकारी संस्थावाट प्राप्त रकम,

ङ. संघीय सरकारको स्वीकृती लिई कुनै विदेशी सरकार वा संस्था अन्तराष्ट्रिय संस्था वा निकाय वा व्यक्तिवाट अनुदान र सहयोग स्वरुप प्राप्त रकम।

३.यस दफा अनुसार कोष स्थापना नहुन्जेल नगरपालिकाले कार्यक्रमबाट नियमित खर्च लेख्न सक्नेछ।

४. नगरपालिकाको विभिन्न लक्षित वर्ग, कार्यक्रमवाट लक्षित वर्गका व्यक्ति तथा समूहलाई उद्यमशीलता कार्यक्रममा निर्देशक समितिको निर्णय अनुसार खर्च लेख्न सक्नेछ।

**२०. कोष सम्वन्धी अन्य व्यवस्था**

१. कोषको रकम नगरकार्यपालिकाको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त वैंकमा खाता खोली जम्मा गरिनेछ।

२. कोषको रकम स्वीकृत उद्यमीलाई बैंक मार्फत लगानी गरिनेछ।

३. कोषको रकमवाट उद्यम संचालन गर्न बस्तुगत टेवा, व्याज अनुदान, विउ पुजी अनुदान तथा विमा वापतको रकम समितिको सिफारिसमा उपलब्ध गराइनेछ।

४. कोषको आन्तरिक लेखा परीक्षण नगरपालिका आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ।

५. कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

६. कोषको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखबाट हुनेछ।

## भाग-७

## प्रस्ताव आह्वान, प्रस्ताव पेश गर्ने विधि र सम्झौता

**२१.** नगरपालिका भित्र वसोवास गर्ने समूह वा व्यक्तिले नगरपालिकाको सहयोग लिई उद्यम वा व्यवसाय संचालन गर्न चाहने उद्यमीहरुको समूहलाई राष्ट्रिय दैनिक/स्थानीय पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्तावको आह्वान गरिनेछ। यस कार्यविधिमा स्पष्ट हुन नसकेका विषय सूचनामा स्पष्ट गरी सूचना प्रकाशन गर्न सकिनेछ।

**२२. प्रस्ताव पेश गर्नेः-** वित्तीय टेवा लिन चाहने उद्यमी, व्यक्तिले परियोजना प्रस्ताव आह्ववान भएको मिति भित्र अनुसूची ३ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी नगरपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ।

क. आफूले गर्न चाहेको व्यवसाय वा उद्यमको विवरण

ख. प्रस्तावित उद्योग व्यवसाय वा उद्यम वा सहभागिताको योजना

ग. अनुदान वा कार्यक्रम माग गरेको विवरण

घ. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ङ. समूहको भए समूह गठनको उपस्थिति, सहभागी संख्या, उद्यमको किसिम, सोका लागि आवश्यक रकम, वित्तीय टेवा सम्वन्धी उल्लेखित निर्णयको प्रतिलिपी र प्रतिवद्धता पत्र।

च. जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा चाहेको हो सोको प्रचलित कानून वमोजिम दर्ता भएको प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर , कार्यालयमा दर्ता भएको प्रमाणपत्र, कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको स्वं.घोषणा, सम्वन्धित वडाको सिफारिस पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

छ. ३ वर्षसम्म तोकिएको उदेश्य अनुसारको प्रतिवद्धता पत्र, उद्योग व्यवसाय वा कृषि क्षेत्रको लागि जग्गा धनि प्रमाण पूर्जा वा लिजमा लिएको खुल्ने कागजको सक्कल प्रति वा अन्य यस्तै कागजात।

ज. वित्तीय संस्थाबाट ऋण प्राप्त गर्ने उद्यमी/व्यवसायीहरुले वित्तीय संस्थाको सहमति पत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि सम्वन्धित कार्यालयले प्राप्त निवेदन रीतपूर्वक भए नभएको हेरी रीत नपुगेको भएमा रीत पुऱ्याई ल्याउन सम्वन्धित निवेदकलाई जानकारी गराइने छ।

**२३. परियोजना कार्यान्वयन सम्वन्धी सम्झौताः** स्वीकृत परियोजनाहरुको कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने व्यक्ति/समूह/संस्थासँग नगरपालिकाले आवश्यक कवुलियतनामा, सामुहिक जमानी तथा परियोजना जमानी सहित सम्झौता गर्नुपर्नेछ।

**२४. कार्यक्रम संचालनको जानकारीः**परियोजना प्रस्ताव स्वीकृत भई सम्झौता भएको १५ दिन भित्र सम्बन्धित व्यक्ति बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ। यसको जानकारी संस्थाहरुले नगरपालिकाको कार्यालयमा दिनुपर्नेछ। सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरि पेश्की फच्यौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नुपर्नेछ। यसरी प्राप्त भएको रकम समेतको परियोजना संचालन गर्ने संस्थाहरुको कार्यक्रमको अनुगमण,नियमन,नियन्त्रण तथा निर्देशन र खर्च भएको रकमको औचित्य सहित लेखापरिक्षण गराउने दायित्व सम्बन्धीत संस्थाको हुनेछ।

**२५**. उद्यमिले प्रस्ताव लेखनको लागी नगरपालिका समक्ष वित्तीय तथा प्राविधिक सहायता माग गरेमा आवश्यकता अनुसार परामर्श सहजिकरण सहयोग उपलब्ध गराउन सक्नेछ।

**भाग८ -**

**खर्चको मापदण्ड,प्रकृया प्रस्ताव मूल्याकनका आधार र भार**

**२६. खर्चको मापदण्डः**

**१.**

क) उत्प्रेरणा कक्षा संचालनको प्रति कार्यक्रम अधिकतम खर्च रु ३ लाखका दरले गरिनेछ।

ख) तालिमसँग सम्बन्धित कार्यक्रममा अधिकतम १० लाख सम्म खर्च गर्न सकिनेछ।

ग) समुहमा व्यवसायिलाई अधिकतम रु १० लाख सम्म वित्तीय टेवा प्रदान गरिनेछ।

घ) सामुहिक उद्यमी, व्यवसायीलाई अधिकतम १० लाख सम्म वित्तीय टेवा प्रदान गरिनेछ महिला उद्यमशिलाको हकमा नगरकार्यपालिकाले आवश्यक ठानेमा १५ लाख सम्म वित्तीय टेवा दिन सकिने छ।

ङ) उद्यम संरक्षणको क्षेत्रमा व्यवसाय संचालनको लागि नगरपालिकाले वित्तीय टेवा प्रदान गर्न स्वीकृत गरी सम्झौता भएको मितिले ३ वर्ष सम्मको ब्याज आंशीक वा पुरै अनुदान दिन सक्नेछ। नगरपालिकाले व्याज व्यहोर्ने अधिकतम ऋण रकम रु १० लाख सम्मको हुनेछ। उल्लेखित व्यवसाय संचालनका लागि कृषि विकास बैंकले लिने व्याजदर बराबर हुनेछ। सो भन्दा बढि व्याजदर भएमा उद्यमी आफैले व्यहोर्नु पर्नेछ। ऋण फिर्ता ५ वर्ष भित्र गरिसक्नु पर्नेछ।

च) उद्यमीलाई भाग ८ बमोजिमको वित्तीय टेवा प्रवाहको राष्ट्र बैङ्क बाट मान्यता प्राप्त सबै बैंकहरुलाई समान व्यहवहार गरिनेछ।

छ) कुनै गैरसरकारी संघ संस्थाले नगरपालिकाको साझेदारीमा महिला, अपाङ्ग , दलित , जनजाति वा विपन्न वर्गको लागि उद्यम गर्न चाहेमा ५०/५० को अवधारणामा नगरपालिकाबाट अधिकतम रु ५ लाख वित्तीय टेवा प्रदान गरिनेछ।

**२. लोक सेवा/शिक्षक सेवा आयोगको तयारी कक्षा संचालनमा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा**

माथि उल्लेखित तयारी कक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमेजिमको सेवा सुविधा पाउनेछन्।

| | |
|---|---|
| क.पदाधिकारी बैठक भत्ता प्रति बैठक | रु १०००/- |
| ख.विषयगत प्रश्न निर्माण रोष्टर प्रति सेट | रु १५००/- |
| ग.वस्तुगत प्रश्न निर्माण प्रति सेट | रु २०००/- |
| ङ.उत्तरपुस्तिका परिक्षण विषयगत प्रति उपु | रु ७५/- |
| च.वस्तुगत उत्तरपुस्तिका परिक्षण प्रति उपु | रु ५०/- |

३. तयारी कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि समितिले आवश्यक्ताका आधारमा यसै कार्यालयका आवश्यक कर्मचारीहरु प्रयोग गर्न सक्नेछ। व्यवस्थापन कार्यमा खटिएका कर्मचारीहरुले पदाधिकारी सरहको भत्ता पाउने छन्।

४. अधिकृत स्तर तथा माध्यमिक तहको तयारी कक्षामा संलग्न हुने प्रशिक्षक तथा व्यवस्थापकले पाउने सेवा सुविधा:

| | |
|---|---|
| क) प्रशिक्षक (रा. प. द्वितीय वा सो सरह) प्रथम र द्वितीय श्रेणीका शिक्षक समेत प्रति कक्षा | रु. ३५००/- |
| ख) प्रशिक्षक (रा. प. तृतीय वा सो सरह) मावि तृतीय श्रेणीका शिक्षक समेत प्रति कक्षा | रु. ३०००/- |
| ग) व्यवस्थापनमा खटिएकोले पाउने व्यवस्थापक भत्ता प्रतिदिन | रु. १०००/- |
| घ) प्रशिक्षकले कार्यपत्रवापत प्रति कार्यपत्र पाउने रकम | रु १०००/- |
| ङ) परीक्षा गार्ड/निरीक्षक प्रतिकोठा १ जना | रु १०००। |
| च) कार्यालय सहयोगी प्रतिदिन | रु. ५००/- |
| छ) कार्यसम्पन्न प्रतिवेदन | रु ३०००। |
| ज) अनुगमन कार्यका लागि प्रतिदिन प्रतिव्यक्ति | रु १०००। |

५. सहायक स्तर तथा आधारभूत तहको तयारी कक्षामा संलग्न हुने प्रशिक्षक तथा व्यवस्थापकले पाउने सेवा सुविधा:

| | |
|---|---|
| क) प्रशिक्षक (रा. प. द्बितीय वा सो सरह) मावि प्रथम र द्बितीय श्रेणीका शिक्षक समेत प्रति कक्षा | रु. ३५००/- |
| ख) प्रशिक्षक (रा.प.तृतीय वा सो सरह) मावि तृतीय, निमावि प्रथम र द्बितीय श्रेणीका शिक्षकसमेत प्रतिकक्षा | रु.३०००/- |
| ग) प्रशिक्षक (रा. प. अनं प्रथम वा सो सरह) निमावि तृतीय र प्रावि तहका सबै श्रेणीका शिक्षक समेत  कक्षा | रु. २५००/- |
| घ) व्यवस्थापनमा खटिएकोले पाउने व्यवस्थापक भत्ता प्रतिदिन | रु. १०००/- |
| ङ) प्रशिक्षकले कार्यपत्रवापत प्रति कार्यपत्र पाउने रकम | रु १०००/- |
| च) परीक्षा गार्ड/निरीक्षक प्रतिकोठा १ जना | रु १०००। |
| छ) कार्यालय सहयोगी प्रतिदिन | रु. ५००/- |
| ज) कार्यसम्पन्न प्रतिवेदन | रु ३०००। |
| झ) अनुगमन कार्यका लागि प्रतिदिन प्रतिव्यक्ति | रु १०००। |

६. जिल्ला बाहिरबाट आउने प्रशिक्षकलाई कक्षा लिएवापत पाउने सुविधा बाहेक नियमानुसार यातायात खर्च र बसोवास उपलब्ध गराइनेछ

७. सरकारी कार्यालय, विद्यालय, अर्ध सरकारी स्वामित्व वा पुरै स्वामित्व भएका बैङ्क, वित्तीय संस्था तथा संस्थानमा कार्यरत कर्मचारी बाहेकका तयारी कक्षामा संचालन गरिएको परीक्षाका आधारमा  तपशिल बमोजिम उत्कृष्ट प्रशिक्षार्थीहरुलाई तपशिल बमोजिम पुरस्कारको व्यवस्था गरिने छ :

क. खुला १ जना

ख. महिला १ जना

ग. दलित १ जना

घ. अपाङ्ग १ जना

ङ. जनजाती १ जना

परीक्षा सम्बन्धी सम्पूर्ण व्यवस्था व्यवस्थापकले गर्नुपर्ने र प्रत्येक परीक्षामा प्रश्नपत्र छपाई उत्तरपुस्तिका छपाई कक्षाको बसाई व्यवस्थापन सिट पलान गरेवापत प्रतिदिन परीक्षा गराए वापत रु ३५०० प्रदान गरिने छ।

**२ . खर्चको प्रकृयाः**

(क) उत्पेरणामूलक कार्यक्रमको हकमा त्यस्ता कार्यक्रम नगरपालिका आफैले सोझै संचालन गर्न सक्नेछ । कुनै संस्थालाई उत्प्रेरणामूलक कार्यक्रम संचालन गर्न दिदा खरिद प्रकृया पुरा गरि प्रदान गरिने छ।

(ख) उद्यमी / व्यवसायको प्रस्ताव र कार्य तालिका बमोजिम हासिल गरेको प्रगति औचित्यको आधारमा बढिमा ३ किस्तामा रकम भुक्तानी गरिनेछ।

२९. सार्वजनिक सुचना प्रकाशन गरी प्राप्त हुन आउने प्रस्तावहरुलाई निम्न आधारमा मुल्याङकन गरिनेछ।

**१.(क) सामुहिक उद्यम / व्यवसायको हकमा**

| क्र.स | आधार | भार |
|---|---|---|
| १ | पालिकामा रहेको व्यवसाय<br>• घरेलु,कम्पनी रजिष्टार वा सरकारी निकायमा दर्ता गरेको प्रमाण पत्र भएको<br>• गैर सरकारी संस्थाहरुले सोही प्रकारको संस्था दर्ता प्रमाणपत्र भएको( करछुट प्राप्त निस्सा भएको<br>• गत आ.व.को कर चुक्ता प्रमाणपत्र भएको | ५ |
| २ | Matching Fund-उद्यम /व्यवसायी समुह/ सदस्यहरुबाट कम्तिमा २५ प्रतिशत लागत सहभागिता सुनिश्चित भएको। | २० |
| ३ | “क” र “ख” वर्गको वित्तीय संस्थाहरुबाट ऋण लगानी भएका उद्यम प्रस्ताव (व्याज अनुदानको हकमा  मात्र ) | |

| | | |
|---|---|---|
| | | ५ |
| ४ | • उत्पादनमुलक उद्यमको सन्दर्भमा उत्पादनलाई बजारीकरण गर्ने सहयोगी संस्थासंग सम्झौता भएको<br>• सेवामुलक उद्यमको लागि सेवा लिने पक्ष संग सहमति वा सम्झौताको पत्र। | ५ |
| ५ | Challenge Fund/ Start Of Fund प्राप्त गर्ने समझौता र र प्रतिबद्धता भएको उद्यम | ५ |
| ६ | लागत साझेदारिमा गर्ने गैर सरकारी संस्था भएमा | १० |
| ७ | उद्यम संचालन गर्ने स्थानको कम्तिमा ५<br>वर्षको सम्झौता भएमा | ५ |
| ८ | उद्यम संचालन गर्न चाहाने व्याक्तिहरु स्थानिय मात्र भएमा | १० |
| ९ | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि महिला भएमा | १० |
| १० | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि युवा भएमा | १० |
| ११ | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि लक्षित वर्गको सहभागिता भएमा | १० |
| १२ | प्रत्यक्ष रोजगारी सिर्जना कम्तिमा २ जना | १० |

समान अङ्क प्राप्त भएका प्रस्तावहरुलाई निम्न अनुसार प्राथामिकता दिईनेछ।

(क) अपाङगहरुको समुह

(ख) दलित वा दलितको समुह

(ग) महिला वा महिलाहरुको समुह

(घ) वैदेशिक रोजगारीबाट फर्केको समूह

(ङ) समावेशी समुह

(च) अन्य

२. माथि उपदफा १ अनुसार पनि प्रस्ताव छनौट हुन नसकेमा सवै भन्दा बढि लगानी कर्ताहरुको लगानी सहभागिता भएको (प्रतिशत) लाई छनोट गरिनेछ।

**२७ .वित्तीय संस्थाहरुको दायित्व**

(क) यस नगरपालिकाबाट प्रदान गरिने वित्तीय टेवा, व्याज, विमा भुक्तानी वा ऋण भुक्तानी सम्बन्धी कार्यक्रमको प्रस्ताव पेश गर्दा उद्यमीलाई उक्त प्रस्तावको कार्यक्रममा सहभागी हुन बैंङको सहमती रहेको पत्र प्रदान गर्नु पर्नेछ।

(ख) कार्यक्रम स्वीकृत भएर कार्यान्वयनमा गएपछि कार्यक्रमको अनुगमन गरी नगरपालिकामा एक प्रति प्रतिवेदन दिनु पर्नेछ।

(ग) उद्यमको यथार्थ आर्थिक विवरण विपरितको प्रतिवेदन नगरपालिकामा पेश गरेको पाइएमा त्यस्ता वित्तीय संस्थालाई नगरपालिकाबाट भुक्तानी गरिने छैन।

**२८. अनुगमण तथा मुल्याङ्कन**

(१) निर्देशक समितिले यस कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मुल्याङन गर्ने गराउने ब्यवस्था मिलाउने छ।

(२) नगरपालिका उप-प्रमुखको संयोजकत्वमा रहेका नगरस्तरीय अनुगमन समितिले आवश्यकता अनुसार उद्यम, व्यवसायको अनुगमन सुपरीवेक्षण गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा उल्लेखित उद्यम, व्यवसायको अनुगमन, सुपरिवेक्षण आफै वा आफ्ना मातहतका अधिकृतस्तरका कर्मचारीहरुबाट गराउन सक्नेछ।

(४) अनुगमन मुल्याङकनका लागि सुचकहरु निर्धारण गर्नेछ।

## भाग९-

## उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा

**२९. उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा हुने व्यवस्थाः**

(१) व्यवसाय घाटामा परि समस्या आएमा निर्देशक समितिले छानविन गर्ने / गराउने ।

(२) उपदफा (१) को छानबिन गर्दा व्यक्ति मार्फत हिनामिना भए असुल उपर गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) कमोजिम समितिले घाटामा गएको कारण पत्ता लगाई पुनः संचालन गर्न प्रयास गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संचालन हुन नसकेमा सो को दायित्व भुक्तानी गराईनेछ ।

(५) उपदफा (४) बमोजिमको अवस्था पनि नरहे टाट पल्टेको घोषणा गरी नगरपालिकाले जिम्मा लिई आवश्यक व्यवस्था गर्नेछ ।

## भाग १०

## विविध

**३०. बार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) वस्तु स्थिति सहितको वार्षिक प्रतिवेदनः आर्थिक वर्ष समाप्त पश्चात अघिल्लो आर्थिक वर्षमा कार्यक्रम/कोषबाट उद्यम संचालन, व्यवस्थापन, स्तरउन्नती लगायतको कार्यमा दिएको वित्तीय सेवा ,बस्तुगत टेवा सहित त्यस्ता उद्योगहरुको वस्तु स्थिति सहितको वार्षिक प्रतिवेदन निर्देशक समितिले नगरसभामा पेश गर्नु पर्नेछ ।

**३१. वार्षिक कार्यतालिका** – कार्यक्रम/कोषको प्रभावकारी कार्य संचानल गर्नका लागि प्रत्येक वर्ष बार्षिक कार्य तालिका बनाई कार्यान्वयन गरिनेछ ।

**३२.सरकारी बाँकी सरह असुलीः** (१) कार्यक्रम/कोषले उद्यमीलाई उपलब्ध गराएको अनुदान र वीउ, पूर्जीँ वापतको रकम लिई कार्य सम्पादन नगर्ने उद्यम समुह वा फर्महरुले समयमा भुक्तानी नगरेमा सम्बन्धित संस्थाको प्रमुख वा समुहबाट दामासाहीका दरले सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**३३. बाधा अड्काउ फुकाउने वा ब्याख्या गर्ने अधिकारः** यस कार्यविधिको कार्यान्यनमा कुनै द्विविधा परेमा बाधा अड्काउ फुकाउने वा ब्याख्या गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

**३४. संशोधन वा खारेजीः** यो कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन खारेजी गर्न सक्नेछ । /

(दफा १५ सँग सम्बन्धित)

अनुसूची १

## सार्वजनिक सूचना

यस बाँसगढी नगरपालिकाले बाँसगढी नगरपालिकाको उद्यमशिलता विकास कार्यक्रम अन्तरगत तपशिल बमोजिम कार्यक्रम संचालन गर्न लागेको हुँदा कार्यक्रममा सहभागी हुन ईच्छुक उद्यमी व्यवसायीले तोकिएको ढाँचामा १५ दिन भित्र यस बाँसगढी नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

१. कार्यक्रमको विधिः

२. उद्यमको चरणः

३. नगरपालिकाको लगानीको प्रकार र मात्राः

४. उद्यमको प्रकारः

- व्यक्तिगतसामुहिकः/
- नयाँपुरानोः/

५. कार्यक्रमको क्षेत्रः

६. प्रस्तावहरुको मुल्याँकनका आधारः नगरपालिकाको वेवसाइट www.bansgadhimun.gov.np मा उपलब्ध छ।

७. छनौट गरिने प्रस्तावको संख्याः

८. स्वघोषणा गर्नु पर्ने विषयः

क. म/हामी बैङ्क वा वित्तीय संस्थाको कालो सूचीमा रहेका छैनौ।

ख. नेपाल सरकार............ स्थानीय सरकारलाई / प्रदेश सरकार /

ग. यस परियोजना स्थानीय सरकारबाट दोहोरो हुनेगरी सुविधा लिएका छौनौ। / प्रदेश सरकार / कार्यक्रममा नेपाल सरकार /

९. कार्यक्रमको विवरणः

**(दफा १८ उपदफा १ (क) सँग सम्बन्धित)**

**अनुसूची २ (क)**

## कृषि व्यवसायका क्षेत्र

१. खाद्यन्न, नगदेबाली, तरकारी उत्पादन, प्रशोधन भण्डारण,

२. विउ विजन उत्पादन, प्रशोधन, तथा भण्डारण,

३. सामुहिक तथा व्यवसायिक खेती,

४. मौरी पालन व्यवसाय, पुष्प व्यवसाय,

५. व्यवसायिक रेशम किरा पालन,

६. पशुपंक्षीपालन, अष्ट्रिच तथा व्यवसायिक रुपमा पालिने बट्टाई, कालिज, बँदेल समेत।

७. फलफुल उत्पादन, डेरी तथा प्रशोधन तथा भण्डारण,

८. दुग्ध उत्पादन, डेरी तथा प्रशोधन र बिक्री वितरण,

९. व्यवसायिक रुपमा गरिएको मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,

१०. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,

११. पशु बधशाला एवं मासु जन्य उत्पादन व्यवसाय,

१२. जडीबुटी उत्पादन, प्रशोधन र भण्डारण,

१३. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सुर्यमुखी, कपास, सनपाट, सजिवन, स्वीटसरघम, केशर, तेलहन, मसलाबासी, दलहन, अल्लो, लोत्ता खेती आदि तथा यिनीहरुको भण्डारण, प्रशोधन र विक्री वितरण,

१४. जौ, फापर, सिलाम, अकबरे खुर्सानी, सिस्नु तथा अचारको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१५. कपास, उन, रेसम खेती उत्पादन /, प्रशोधन र बिक्री वितरण,

१६. प्राङ्गारिक तथा जैविक मल,

१७. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट उनको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१८. कृषि औजार जस्तै थ्रेसर, भिंडर, आधुनिक हलो ट्र्याक्टर, ट्रेलर आदी,

१९. स्थानीय स्तरमा तयार हुने गुन्द्री,नाङ्गलो, डोरी,डोको, थुन्से, फुङ्लो, दाम्दो, घुम, चित्रा, भकारी, बाँस, बेदबाँस, निगालो, खुकुरी जस्ता सामानहरुको व्यवसायिक उत्पादन गर्न र बिक्री वितरण,

२०. पालिकाले समयसमयमा थप गरेका अन्य कृषि व्यवसायहरु।-

**(दफा १८ उपदफा १ (ख) सँग सम्बन्धित)**

**अनुसूची २ (ख)**

**उद्योग (उत्पादन मुलक) व्यवसायका क्षेत्र /**

१. हाण्डु लूम, पेडल लूम, सेमीअटोमेटिक लूम-, कपड़ा वार्षिक, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई र बुनाई,
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैचा, पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,
३. परम्परागत पेशामा आधारित वस्तु तथा सेवा,
४. परम्परागत कलामा आधारित वस्तु,
५. तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान्
६. फलामबाट बनेका हस्त निर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्क चुलेसी, कर्द, चुम्पी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन चाँदीबाट हस्त निर्मित गरगरना, वस्तु, भाँगावर्तनहरु-, बहुमूल्य, अर्ध किमति। बहुमूल्य तथा पत्थर जडान भएका समेत(,
८. नगरपालिकामा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टन्यानिङ्ग र छालाबाट निर्मित वस्तुहरु,
९. जुट, सवाइ घाँस, पराल, छवाली, चोया, बाबियो सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरु),
११. पौभा, थाना चित्र र अन्य परमपरागत चित्रकला,
१२. मुकुण्डो तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना (मास्क)
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु
१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने ईट्टा उद्योग,
१६. अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग (फरक क्षमता),
१७. धान, मकै, गहुँ, तोरी जस्ता कुटानी पिसानी गर्ने कोल, पानीघट्ट तथा मिल,
१८. आधुनिक प्रविधिबाट मेसिनको प्रयोग गरी कागजको सामाग्री (कप, ग्लास, प्लेट)
१९. स्क्रिन प्रिन्ट, तयारी पोसाक, कपडामा आधारित बस्तु
२०. नगरपालिकाले समयसमयमा थप गरेका अन्य उद्योग ब्यवसायहरु।-

**(दफा १८ उपदफा १(ग) संग सम्बन्धीत)**

**अनुसूची २ (ग)**

**प्रर्यटन प्रवर्धनका क्षेत्र**

१,रिसोर्ट तथा रेष्टुराँ ,होटल ,मोटेल ,प्रर्यटन आवास .
२,ज्याकुली ,साउना ,मसाज स्पा ,हिलिङ्ग सेन्टर .
३,ट्राभल एण्ड टुर्स .
४,क्यानिनिङ ,हट एयर व्यालुनिङ्ग ,वाटर र्याप्टिङ्ग ,स्किइङ्ग ,साहसिक प्रर्यटन . प्यारा सेलिङ्ग हात्तीसवारबन्जी ,घोडाचढी, ,जिप सफारी ,अफरोड ड्राइभिङ्ग,साईक्लिङ्ग ,जिपफ्लाएर ,पदयात्रा ,ट्रेकिङ्ग ,पोलो , कोर्सगल्फ ,जम्पिङ्ग
५,(पर्या पर्यटन) होमस्टे तथा पर्यावरणीय पर्यटन ,ग्रामिण पर्यटन .
६,पर्यटकीय गाईड ,ट्राभल तथा ट्रेकिङ्ग .
७ डुंगा .व्यवसाय,क्रुज ,जल पर्यटन ,बोटिङ्ग ,मोटरबोट ,
८समयमा तोकेका अन्य पर्यटन उद्योगहरु-काले समयनगरपालि .

**(दफा १८ उपदफा १(घ) संग सम्बन्धीत)**

अनुसूची २ (घ)

## व्यापार व्यवसायका क्षेत्र

२१. १कम्प्युटर सञ्चालन ,फोटोकपी .

२२. २,बस ,टेम्पो ) मर्मतशाला . मिनीबस ,कम्प्युटर ,फोटोकपी ,रेडियो ,रिक्सा,जीप,रका ,डेलिभरी ब्यान ,मिनिट्रक ,ट्रक ,माईक्रिबस ,(घडी आदी,ईलेक्ट्निक सामान ,लुगा सिलाउने मेसिन,टेलिफोन ,भी.टि

३,केश श्रृङ्गार,बुनाई ,सिलाई .

४,डकर्मीको सेवा ,सिकर्मी .

५,दैनिक उपभोगका सामान खरिद बिक्री .

६ .पुस्तक,स्टेनरी एवं ऋन्य शैक्षिक सामाग्रीको खरिद बिक्री ,

७,चिया तथा चमेना पसल .

८,पूजा सामाग्री पसल .

९,हेल्थ क्लव सञ्चालन गर्न स्वीकृत इजाजत पत्र लिएको हुनु पर्ने ,फार्मेसी ,ल्याव ,स्वास्थ्य परीक्षण .

१०,पशु स्वास्थ्य परीक्षण तथा पशु औषधी पसल .

११. नगरपालिकाले समयसमयमा थप गरेका अन्य व्यापार व्यवसायका क्षेत्र।-

**(दफा १८ उपदफा १(ङ) संग सम्बन्धीत)**

## अनुसूची २ (ङ)

## वन तथा वातावरण र फोहरमैला व्यवस्थापनका क्षेत्र

१,नर्सरी स्थापना र विकास .

२,वन विकासका लागि प्रयोग हुने मलखाद .

३कृषि बन . प्रणालीको विकास र विस्तार,

४,णसौर्य ऊर्जा उत्पादन तथा वितर .

५,वन पैदावारमा आधारित वातावरण मैत्री झोला उत्पादन तथा वितरण .

६,समयमा थप गरेका अन्य वन तथा वातावरण क्षेत्र-नगरपालिकाले समय .

७,संकलन तथा व्यवस्थापन सेवा ,फोहरमैला .

८,सरसफाई सेवा .

९ . फोहरमैला पुनः प्रशोधन

१०,कवाडी समान संकलन तथा प्रशोधन .

११,व्यवसाय लौन्ड्री .

१२-नगरपालिकाले समय . समयमा थप गरेका अन्य फोहरमैला व्यवस्थापनको क्षेत्र ।

**(दफा १८ उपदफा १(च) संग सम्बन्धीत)**

## अनुसूची २ (च)

## युवा,महिला, असहाय, विपन्न, जनजाती, दलित, पिछडिएका, तथा अन्य लक्षित वर्ग क्षेत्र

**१. लोक सेवा/शिक्षक सेवा आयोगका तयारी कक्षा संचालन**

लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको परीक्षाका लागि तयारी कक्षा सञ्चालन गर्न तथा सोसम्बन्धी आवश्यक शैक्षिक सामग्री व्यवस्थापन गर्न।

२. **परम्परागत बाजा निर्माण तथा खरिद**

परम्परागत रूपमा प्रयोग हुने बाजा निर्माण गर्न तथा सोसँग सम्बन्धित आवश्यक कच्चा पदार्थ र सामग्री खरिद गर्न।

३. **सिलाई–कटाई तालिम तथा सामग्री व्यवस्थापन**

सिलाई–कटाई तालिम सञ्चालन गर्ने, साथै सिलाई मेसिन तथा सम्बन्धित उपकरण र सामग्री खरिद गर्न।

४. **परम्परागत आयआर्जनमूलक पेशा तथा व्यवसाय**

(क) ब्युटी पार्लर सञ्चालन,

(ख) दुना–टपरी उत्पादन, बिक्री तथा वितरण,

(ग) अचार बनाउने व्यवसाय,

(घ) घरबुना तथा अन्य घरेलु उद्योगसम्बन्धी व्यवसाय सञ्चालन।

५. **आरन तथा धातुजन्य व्यवसाय**

फलाम, कोइला आदि कच्चा पदार्थ खरिद–बिक्री गर्ने, आरन सञ्चालनका लागि आवश्यक सामग्री खरिद तथा निर्माण गर्ने, साथै आरन प्रयोजनार्थ यन्त्रशाला निर्माण गर्न।

६. **छालाजन्य तथा जुत्ता–चप्पल उद्योग**

प्रशोधित छाला लगायत आवश्यक कच्चा पदार्थ खरिद गर्ने, जुत्ता, चप्पल, ब्याग आदि उत्पादन गर्ने तथा उत्पादित वस्तुहरूको बिक्री–वितरण गर्न।

७. **सुन–चाँदी तथा कालीगढी सेवा**

परम्परागत सुन–चाँदीका गहना तथा भाँडाकुँडा निर्माण तथा बिक्री गर्ने, साथै सोसँग सम्बन्धित कालीगढी सेवा सञ्चालन गर्न।

८. **सरसफाइ व्यवसाय**

सरसफाइ पेशा सञ्चालनका लागि आवश्यक सामग्री तथा उपकरण खरिद गर्न।

९. **पुख्यौंली पेशा संरक्षण तथा प्रवर्द्धन**

पुख्यौंली पेशालाई निरन्तरता दिन आवश्यक कच्चा पदार्थ खरिद गर्ने, उत्पादित वस्तु तथा सेवा बिक्री–वितरण गर्ने तथा व्यवसाय सञ्चालनका लागि सामूहिक यन्त्रशाला निर्माण गर्न।

१०. **अन्य पेशा**

नगरपालिकाले समय–समयमा निर्णय गरी तोकेका अन्य पेशाहरू।

११. **अनुसूची २ अनुसारका क्षेत्रहरू**

अनुसूची २ का (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमका सबै क्षेत्रमा लक्षित वर्ग कार्यक्रम लागू हुनेछ।

(दफा २२ उपदफा (१)संग सम्बन्धीत)

**अनुसूची ३**

**वित्तीय टेवा मागको निवेदनको ढाँचा**

यो फारम भर्न कार्यलयका कर्मचारीले सहयोग गर्नेछन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
बाँसगढी नगरपालिकाको कार्यालय,

महोदय,

निम्नलिखित विवरण बमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्नका लागि वित्तीय सहयोग उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको/गरेकी छु। पेश गरिएको सम्पूर्ण विवरण सत्य, सही तथा यथार्थ भएको व्यहोरा अनुरोध गर्दछु। उक्त विवरण झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम कारबाही सहन/जरिवाना तिर्न मञ्जुर रहेको व्यहोरा समेत यसै निवेदनमार्फत प्रतिवद्धता व्यक्त गर्दछु।

१. उद्यम\व्यवसायको नाम

२ उद्देश्यः .

३. उद्यम\व्यवसाय रहेको स्थानः
(क) प्रदेशः
ख) जिल्लाः
(ग) नगर\गाउः
(घ) वडा नं.\कि.नः
४) व्यवसायको स्तरः\उद्यम .✓ चिन्ह लगाउने .
(क) साना ( ) (ख) लघु ( ) (ग) घरेलु ( ) (घ) अन्य ( )
५. उद्योगको कानुनी रुप फर्मः (✓) चिन्ह लगाउने।
(क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा.लि. ( ) (घ) समूह ( )
६उद्योग वर्गः (✓) चिन्ह लगाउने।
(क) उत्पादकमूलक ( ) (ख) कृषि तथा वनजन्य ( ) (ग) पर्यटन ( )
(घ) सेवा ( ) (ङ) अन्य ( )
७-दस्तखतः -ठेगानाः -वित्तय टेवा माग गर्ने निवेदकको पूरा नाम थरः .

................ ................ ....................................................

८उद्यम\ व्यवसायको पूँजीः-
(क) स्थिर पूँजी
(ख) चालु पूँजी
(ग) कुल पूँजी
जमिनः ..................... ........................... .........................
भवनः. .................... ............................ ............................
मेसिन औजारः.................... ............................ .................
फर्निचर औजारः................... .......................... .................
अन्यः....................... ......................... ...........................
जम्माः

९..............................दर्ता भएको निकायः ...............वसाय दर्ता नंव्य\उद्यम .
नविकरण अवधि .........................नविकरण भएको मितिः ......................

१०. माग गरिएको वित्तीय टेवा रकम

..................................................
११ .वित्तीयटेवाको उपयोग गरिने क्षेत्रहरु
....................................................

. १२. उद्योगबाट हुने उत्पादन\सेवाको विवरण

| वस्तु उत्पादन | सेवा | ईकाई | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|---|
| १)..................... | .............. | .................... | ............ | ……………. |
| २)..................... | ............... | .................... . | ............. | ……………… |
| ३)..................... | ................... | ................... | .............. | ……………….. |
| ४).................... | .................... | ................... | ................ | ……………….. |

**१३.** मेसिन उपकरणः

| क्र.सं. | विवरण संख्या | प्रति इकाई मूल्य | जम्मा मूल्य | विद्युत शक्ति स्रोत (वा.कि) |
|---|---|---|---|---|
| १................ | .......................... | ................. | .................... | ................................ |
| २................. | ......................... | ................ | .................... | ............................... |
| ३................. | ......................... | ................. | .................... | ............................... |
| ४................. | ........................ | .................. | ..................... | ............................... |
| ५................. | ........................ | ................ | ..................... | ................................ |
| जम्मा | | | | |

**१४.** जनशक्तिः- प्राविधिकः- अप्रविधिकः- अन्यः- जम्मा संख्याः-
१५. सम्पर्क व्याक्तिको नाम ठेगाना र फोन नः-
१६. उद्यम\व्यवसाय संचालन स्थलको नक्साः-

**१७. सर्तहरु पालना बारेः-**
(१) उद्योग\व्यवासय सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन।
(२) कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको बखत उपलब्ध गराउने छु।

(३) उद्योग\व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उदेश्य विपरित काम गर्ने छैन।
(४) उद्योग\व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उदेश्य विपरित काम गर्ने छैन।
(५) अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्ने छु।
(६) उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्ने छैन ।
(७) घर तथा जग्गा खरिदको लागि वित्तीय टेवा प्रवाह गरिने छैन ।
(८) स्वयंको जग्गा भए जग्गा धनी प्रमाण पूर्जा व लिजमा भए बहाल रकम र अवधि खेलेको ।
(९) समूह भए वहालमा लिएको भए सो को सम्झौता प्रति ।
(१०) समूहको माग पत्रमा समूहको औठा छाप सहित दस्तखत ।
(११) समूहको भए सक्कल प्रतिवद्धता पत्र ।

सम्झौता पत्र

मितिः-निवेदकको सहीः -

औठा छापः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**नोटः-**

(१) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला ।
(२) यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।
(क) सम्बन्धित व्याक्तिको व समूहको हकमा सबैजनाको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(ख) साझेदारी फर्मको हकमा साझेदरी कबुलियतनामा
(ग) प्रा.लि. व पब्लिक लि. को हकमा प्रबन्ध पत्र, नियमावली,कम्पनी दर्ता प्रमाण पत्र, कम्पनी दर्ता पत्रको प्रमाणित प्रतिलिपि व समूहको प्रतिवद्धता पत्र ।
(घ) उद्योग आफ्नै घर\जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा भाडामा भए रीरपूर्वकको भाडा सम्झौता पत्र ।
(ङ)उद्योग उदेश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु।